म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३०८ बिहीबार, ५ असार २०८२ ने. सं. ११४५ तछलागा 19 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हाम्रो पहिचानमा हाम्रो गौरव**

☞ नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
☞ परम्परा, चाडपर्व, लोककला जोगाऔं,
☞ मौलिक संस्कृतिमा गर्व गरौं,
☞ नक्कल होइन मौलिकता अपनाऔं,
☞ विविधतामा एकता कायम गरौं,
☞ राष्ट्रको पहिचानलाई सम्मान गरौं ।

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा १ का वडा अध्यक्षमाथि सांघातिक आक्रमण

## यस किसिमको घटनाले जनप्रतिनिधिको मनोबलमा गिर्छः उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ हेटौंडा उपमहानगरपालिका-१ का अध्यक्ष तथा उपमहानगरप्रवक्ता सविन न्यौपानेमाथि उनकै कार्यकक्षमा सांघातिक आक्रमण भएको छ ।

भूमिसम्बन्धी समस्या देखाउदै कालो पोशाक लगाएर मोटर साइकलमा आएका चारजनाको समूहले अध्यक्ष न्यौपानेमाथि कार्यकक्षमै आक्रमण गरेका हुन् । उनीहरुले अध्यक्ष न्यौपानेमाथि कार्यालयमा रहेको सामग्रीबाट टाउकोमा प्रहार गरी मोबिल छ्यापिदिएका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार अपरिचित व्यक्तिको समूहले वडा अध्यक्ष न्यौपानेलाई कालो मोबिल छ्यापेको हो । वडा कार्यालयमा कार्यकक्षभित्र बसिरहेका अध्यक्ष न्यौपानेलाई नम्बर खुल्न नसकेको २ वटा मोटरसाइकलमा आएका ३/४ जना व्यक्तिले मोबिल छ्यापेर भागेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

प्रहरीप्रवक्ता अर्यालका अनुसार कार्यकक्षमा रहेका अध्यक्ष न्यौपानेको टाउको, कपडा तथा शरीरमा मोबिल छ्यापिएको हो । मोबिल छ्यापेर फरार रहेका व्यक्तिको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ । भूमिहिन सुकुम्बासी सम्बन्धी समस्याको व्यवस्थापन गर्ने विषयमा भएको जग्गाको विवादले अध्यक्ष न्यौपानेमाथि मोबिल छ्यापिएको हुनसक्ने प्रहरीको अनुमान छ । घटनास्थालमा भूमिहिन सुकुम्बासी लेखिएको खाली रेकर्ड फाईल फेला परेको प्रहरीप्रवक्ता अर्यालले बताएका छन् ।

केहीदिन अघि हेटौंडा-१ स्वर्गलोक, हेटौंडा अस्पताल पछाडि रहेको सार्वजनिक जमिनमा घरटहरा निर्माण गर्न खोज्नेलाई हटाउदै उपमहानगर र वडाले संरक्षणको कदम अघि बढाएको थियो । घटनामा संलग्नहरुको पहिचानका लागि सिसिटिभी क्यामेराको दृश्य विश्लेषण तथा फरार व्यक्तिहरुको खोजीकार्य भइरहेको प्रहरीप्रवक्ता



अर्यालले बताएको छ । आक्रमणबाट अध्यक्ष न्यौपाने घाइते भएका छन् । उनको टाउकोमा चोट लागेको छ । घटनाका क्रममा अध्यक्ष न्यौपानेले प्रयोग गर्ने दुईवटै मोवाइल आक्रमणकारीले लगेको अध्यक्ष न्यौपाने बताए ।

घटनापछि हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ सहित वडाअध्यक्षहरु घटनास्थल पुगेका थिए । घटनाको विषेश ढंगबाट अनुसन्धान गर्न नगरप्रमुख लामाले मकवानपुरका प्रहरी नायवउपरीक्षक अर्याललाई आग्रह गरेकी छन् ।

**यस किसिमको घटनाले जनप्रतिनिधिको मनोबलमा गिरावट आउछः उपमहानगर**

हेटौंडा उपमहानगरपालिका-१ का वडाअध्यक्ष न्यौपानेमाथि भएको संघातिक आक्रमणप्रति हेटौंडा उपमहानगरपालिकाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बुधबार दिउँसो वडाध्यक्षको कार्यकक्षमा पसेको समूहले शारीरिक रुपमा आक्रमण गर्नुका साथै दुईथान मोबाइल समेत लुटपाट गरेको थियो । घटनापछि हेटौंडा उपमहानगरले पत्रकार सम्मेलन गर्दै यस्ता आपराधिक गतिविधिको भर्त्सना गरेको छ । उपमहानगरले संघीय, प्रदेश र स्थानीय तहमा रहेको कानूनी संरचनाको परिधिमा रही दोषीमाथि कारबाही हुनुपर्नेमा जोड दिएको छ ।

यस किसिमको घटनाले जनप्रतिनिधिको मनोबलमा समेत गिरावट आउने नगरप्रमुख लामाले बताइन् । लुकिछिपी आक्रमण गर्नु कुनै राजनीतिक गतिविधि नभई अराजक गतिविधि भएको वडाअध्यक्ष न्यौपानेले बताए । आक्रमणमा संलग्न समूहलाई यथाशीघ्र पहिचान गरी कानूनी दायरामा ल्याउन, पत्रकारिताको आडमा गरिने यस्ता गतिविधिमा समेत नियन्त्रण गर्न र संलग्न पक्षविरुद्ध प्रचलित ऐन अनुसार कारबाही गर्न उपमहानगरले आग्रह गरेको छ ।

**वडाअध्यक्ष न्यौपानेमाथि भएको अभद्र व्यवहारप्रति कांग्रेस मकवानपुरद्वारा निन्दा**

हेटौंडा उपमहानगरपालिका-१ का वडाअध्यक्ष न्यौपानेमाथि भएको अभद्र व्यवहारप्रति नेपाली कांग्रेस मकवानपुरले घोर आपत्ति जनाएको छ ।

वडाको कार्यालयमै जबर्जस्ती प्रवेश गरी एक समूहले न्यौपानेमाथि दुर्व्यवहार र दुर्व्यवस्थित व्यवहार गरेपछि कांग्रेस मकवानपुरले प्रेस विज्ञप्ति जारी गर्दै घटनाको कडा निन्दा गरेको हो । पार्टीले यस प्रकारको कार्यलाई सुनियोजित रुपमा कांग्रेसप्रति वैमनस्यता राखेर गरिएको आपराधिक प्रयासको संज्ञा दिएको छ । नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'लोकतान्त्रिक मूल्य र मान्यता विपरीत यस्ता अभद्र र आपराधिक गतिविधि कुनैपनि हालतमा स्वीकार्य हुन सक्दैन । यस्ता घटनाले समाजमा द्वेष, असहिष्णुता र हिंसालाई प्रोत्साहन दिन्छ ।'

विज्ञप्तिमा दोषीलाई यथाशीघ्र कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग माग गरिएको छ । साथै, पार्टीले आफ्ना सम्पूर्ण कार्यकर्ता, शुभेच्छुक र नागरिकलाई संयमता अपनाई लोकतान्त्रिक विधि र पद्धतिप्रति आस्थावान रहन अपिल गरेको छ । पार्टीले यस घटनाबारे विस्तृत जानकारी उच्चतहसम्म पुऱ्याइसकेको र दोषीमाथि कारबाही सुनिश्चित नहुँदासम्म दबाबमूलक कार्यक्रम अगाडि बढाउने चेतावनी पनि दिएको छ ।

# उद्यमीलाई बीउपुँजी स्वरुप ३ लाख सहयोग




साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ उद्योग संघ मकवानपुरले ३ उद्यमीलाई बीउपुँजीस्वरुप ३ लाख सहयोग गरेको छ ।

उद्योग संघ मकवानपुर द्वारा सञ्चालित बिजनेश इन्क्युवेसन सेन्टर कार्यक्रमअन्तर्गत स्टार्टअप तथा नवप्रवर्तन उद्यमीद्वारा प्रस्तुत गरिएको बिजनेश आईडिया तथा उत्पादन प्रर्दशनीमा प्रथम, द्वितीय र तृतीय भएका उद्यमीलाई बीउपुँजी प्रदान गरिएको हो ।

बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री शुकमाया तामाङको प्रमुख आतिथ्यता एवम् संघका वरिष्ठउपाध्यक्ष श्रीहरि मास्केको अध्यक्षतामा भएको कार्यक्रममा बीउपुँजी वितरण गरिएको हो ।

प्रथम हुन सफल हेटौंडा-५ का उद्यमी आस्तिक दाहाललाई १ लाख २० हजार, द्वितीय हुन सफल हेटौंडा-९ की अभिज्ञ सुवेदीलाई १ लाख ५ हजार र तृतीय हुन सफल सुस्मा बर्तौला, शीतल काफ्ले र श्रृष्टि लामा भोम्जनको समूहलाई ७५ हजार बीउपुँजीस्वरुप प्रदान गरिएको हो ।

९ जना उद्यमीले आफ्नो बिजनेश आइडियाको साथै उत्पादनको प्रदर्शनी गरेका थिए । हेटौंडा उपमहानगर आर्थिक विकास महाशाखाप्रमुख जगन्नाथ सापकोटा संयोजक रहेको मूल्याङ्कन समितिमा बोष्टन कलेज भरतपुरका प्रबिना शाह, चितवन उद्योग संघका रमेशचन्द्र पुरी र नेपाल बैंक लिमिटेड हेटौंडा औद्योगिक क्षेत्रका पुरुषोत्तम तिमल्सिना रहेका थिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, बागमती उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेल, हेटौंडा औद्योगिक क्षेत्रका व्यवस्थापक संगीता कुँवर, नारायणी यातायात व्यवसायी संघका निवर्तमान अध्यक्ष बद्री चौलागाईलगायतको आतिथ्यता रहेको थियो ।

## करेन्ट लाग्दा भारतीय मजदुरको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१९ स्थित नेवारपानीमा रहेको तारा फाइबर उद्योगमा करेन्ट लाग्दा एक मजदुरको मृत्यु भएको छ ।


भारत बिहार राज्य अन्तर्गत पूर्वीचम्पारणका ४० वर्षीय भुषण बैठाको सोमबार दिउँसो करिब २ बजे तारा फाइबर उद्योगमा करेन्ट लागेर ज्यान गएको हो । उद्योग नजिकैको सोनो खोल्साबाट मोटर प्रयोग गरी पानी तान्ने क्रममा पानी नआएपछि समस्या के हो ? भनेर हेर्ने क्रममा अचानक करेन्ट लागेको जनाइएको छ ।

बैठाको शव हेटौंडा अस्पतालमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतक बैठा तारा फाइबर उद्योगमा हेड अपरेटरको रुपमा कार्यरत थिए । उद्योग कमल सुवेदी, रमेश पौडेल र सुदर्शन बिडारीको संयुक्त लगानीमा सञ्चालनमा रहेको बताइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# महिला उद्यमीको गुनासो

पछिल्लो समय हाम्रो समाजमा उद्यम गर्नु भनेको सजाय भोग्नुसरह भएको छ । हेटौंडा औद्योगिक क्षेत्रका साना लगानीका उद्योगले उत्पादन बन्द गरेर तयारी बस्तु आयात गरी बिक्री एजेन्टको काम गरिरहेका छन् । तयारी बस्तु आयात गरी बजारीकरणको कमिशनमा काम गर्न सहज भएको उनीहरुको अनुभव छ । कच्चापदार्थ आयात गरेर तयारी बस्तु उत्पादन गर्नुभन्दा ट्रेडिङ बिजनेसमा परिस्थिति खनुकूल भएको उनीहरुको अनुभव छ । यस्तै समस्या महिलाउद्यमीले पनि भोग्नु परेको गुनासो गरेका छन् । उत्पादित वस्तुको बजारीकरण मुख्य चुनौतीको रुपमा देखापरेको महिला उद्यमीले बताएका छन् । महिलाले उत्पादन गरेका वस्तुको बजारीकरण हुन नसक्दा स्थानीयउपज टेबलमा मात्र प्रदर्शन गरेर राख्नुपरेको उनीहरुले बताएका छन् । महिला उद्यमी बनिसकेपछि बैकिङ पाटोदेखि आर्थिक व्यवस्थापनसम्मका समस्या झेल्नुपरेको उनीहरुको भनाई छ ।

मकवानपुर घरेलु तथा साना उद्योग संघ एवम् महिला उद्यमी समितिको आयोजना र उद्योग तथा वाणिज्य कार्यालयको प्रायोजनमा मंगलबार देखि हेटौंडामा सुरु भएको ३ दिने महिलाउद्यमी सम्मेलनको क्रममा यस्तो गुनासो गरेका हुन् । राज्यको अपारदर्शी कानुनको कारण महिलाउद्यमीले व्यवसाय नै सञ्चालन गर्न नसकेको अवस्था छ । भन्सार शुल्क, ढुवानीभाडा अत्याधिक हुँदा कच्चापदार्थ आयत गर्न समस्या भएको छ । घरेलु उद्योगले समयानुसार प्रतिस्पर्धा गर्न नसक्दा बन्द गर्नुपर्ने अवस्थामा पुगेको छ । खुल्ला सीमानाको कारण कच्चापदार्थ आयात गरेको देशसँग नै आफूहरुले गरेको उत्पादनले प्रतिस्पर्धा गर्नुपरेको छ । घरेलु तथा साना उद्योगले नेपालको कुलगाहर्स्थ उत्पादनमा २० प्रतिशतसम्म योगदान पुऱ्याउँदै आएको बताइएको छ । तीनवटै तहको सरकारले घरेलु उद्योगलाई संरक्षण गर्ने नीति निर्माण गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन् । महिला उद्यमीको लागि सरकारले प्रविधि हस्तान्तरणका कार्यक्रम ल्याउनुपर्ने माग उनीहरुको छ । सम्मेलनमा घरेलु तथा साना उद्योग महासंघका बागमती प्रदेशले महिला उद्यमशीलता हुँदा राष्ट्रको आर्थिक विकासमा टेवा पुग्ने बताएको छ । सामाजिक विकास र लैंगिक समानताको लागि पनि महिला उद्यमी हुन जरुरी भएको बताइएको छ । महिलाउद्यमी हुँदा परिवारकै आर्यआर्जन बढ्ने हो । रोजगारीका अवसर सिर्जना गर्नमा पनि महिलाउद्यमीको भूमिका महत्वपूर्ण रहेको छ ।

उत्पादित वस्तुको बजारीकरण चुनौती रहेपनि अवसर पनि पर्याप्त छ । आर्थिक उपार्जनको क्षेत्रमा महिला लाग्नुपर्ने हुन्छ । राज्यको नीतिको कारण समाजमा महिला हेपिएर बस्नुपरेको छ । पुरुषले भन्दा बढी श्रम महिलाले गरेपनि पारिश्रमिक पुरुषले धेरै पाउने गरेको अवस्थामा महिला उद्यमीलाई चुनौती धेरै छ । उत्पादित वस्तुलाई मेला महोत्सवमा प्रर्दशनमा राखेर मात्र आर्थिक उपार्जन नहुने भनाई उद्यमीको हो । मुलुकको शासनसत्तामा बसेकाहरुले उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणको जिम्मा लिनुपर्ने उनीहरुको माग हो । नेपाली वस्तुको प्रचारप्रसार हुन नसक्दा बजारमा विदेशी वस्तु आयात भइरहेको छ । असार ५ गतेसम्म चल्ने सम्मेलनमा महिला उद्यमीले स्थानीय उत्पादनको स्टल राखेका छन् । नेपाल सरकारले स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीतिगत निर्णय गरेको भएपनि ब्यवहारमा कार्यान्वयन हुन सकेको छैन । यसैकारण स्वदेशी उत्पादनले प्रतिष्पर्धा गर्नसक्ने अवस्था छैन ।

# प्रचण्डलाई ओली र देउवासँग तुलना कति न्यायपूर्ण ?



✍ विश्वदीप पाण्डे

कहिलेकाहीं बजार हल्लाले राजनीतिक भाष्यहरू नियन्त्रण गरिरहेको हुन्छ । त्यसका अनेक जीवित उदाहरण छन् । एउटा सशक्त उदाहरण हो, 'प्रचण्ड, ओली र देउवा एकै हुन्' भन्ने भाष्य । जसले मान्छेलाई भ्रमित मात्र गरि रहेको छैन, राजनीतिको भावी कार्यदिशा निरुपण गर्नमा समेत अवरोध पैदा गरेको छ । यो यस्तो संकथन हो, हेर्दा साधारण लागे पनि यसले परिवर्तनको साँचो संवाहक शक्ति पहिचान र क्रान्तिकारी ध्रुवीकरणमा जटिलता उत्पन्न गरेको छ । विचार गरौं त के साँच्चै यी तीन नेता उस्तै हुन् ? अथवा, यी तीन नेताले नेतृत्व गरेका पार्टीहरू नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मा कुनै भिन्नता छैन ? एउटै उत्तर छ, प्रचण्ड र बाँकी नेताबीच ठूलो फरक छ ।

यो स्पष्ट गर्नैपर्ने भएको छ कि 'ओली-देउवा' भन्नु र 'प्रचण्ड' भन्नु एउटै कुरा हैन । यी विचार, चिन्तन, सोच, अवधारणा, एजेन्डा, इतिहास, नेतृत्व क्षमता र विशिष्टता सबै हिसाबले फरक पात्र र प्रवृत्तिका प्रतिनिधि नाम हुन् । कतिपय तात्कालिक कारणले उस्तै लागे वा देखिए पनि यी नेतामध्ये को बलियो र को कमजोर हुनेछ भन्ने कारणले देशको राजनीतिले कार्यदिशा र बाटो निर्धारण गर्दछ । यस्तो दाबी गर्न सकिने थुप्रै आधार छन् । पहिलो– ऐतिहासिक पृष्ठभूमिको कारणले यी तीन नेता भिन्न छन् । जस्तो कि- प्रचण्ड, ओली र देउवाहरूको राजनीतिक उपस्थितिमा प्रारम्भदेखि नै फरक थियो र छ । ओली-देउवाले आफ्नै क्षमता र संघर्षले आफ्नो जीवनकालमा पार्टी बनाएका हैनन् ।

देउवाले बीपी कोइराला, सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, महेन्द्रनाराण निधि, गिरिजाप्रसाद कोइराला आदिको उत्तराधिकार र विरासत थामेका हुन् । ओलीले पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारीको उत्तराधिकार र विरासत थामेका हुन् । नेतृत्वमा आउनका लागि यी नेताहरूको संघर्ष आन्तरिक थियो । ओली-देउवाको उदय हुनुअघि नै पार्टीको इतिहास, संगठन र बाह्य जनमत बनिसकेको थियो । तर, प्रचण्डका लागि यस्तो कुनै सुविधा थिएन । उनले कसैको उत्तराधिकार र विरासत थामेका मात्र हैनन् । यहाँसम्म कि उनले मोहनविक्रम सिंह, निर्मल लामा र मोहन वैद्य जस्ता आफ्ना अग्रज नेताहरूसँग समेत विद्रोह गरेर नयाँ परम्परा स्थापित गरेका हुन् ।

नेपालको आधुनिक राजनीतिक इतिहासमा प्रचण्डले जतिको दुःख उठाएको, जोखिम मोलेको शायदै कुनै नेताले छ । यसरी हेर्दा, ओली र देउवा कसैले प्रारम्भ गरेको राजनीतिक आन्दोलनका सहायक पात्र हुन् । तर प्रचण्ड हुन् स्वयंले निर्माण गरेको राजनीतिक आन्दोलनका सर्वोच्च कमाण्डर । दोस्रो– ओली-देउवाले २०४७ सालको संविधान स्वीकार गरि सकेका थिए । त्यो संविधानले 'राजतन्त्र' लाई अपरिवर्तनीय मानेको थियो । सार्वभौमसत्ता नागरिक छ भनिए पनि त्यसको अभ्यास हुने अवस्था थिएन । प्रचण्डले प्रारम्भदेखि नै २०४७ सालको संविधानलाई अस्वीकार गरे ।

गणतन्त्रका लागि ज्यान जोखिममा राखेर सम्झौताहीन र कोठर संघर्षको नेतृत्व गरे । उनी र उनका सहयोद्धाहरूमाथि 'टाउकाको मोल' तोकिएको थियो । यसरी हेर्दा, माओवादी संघीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा दृढ संवाहक थियो र हो । कांग्रेस-एमाले त्यसका सहायक पात्र र सहयोगी मात्र हुन् । प्रचण्ड समकालीन अन्य नेताको तुलनामा व्यावहारिक रूपमा लचक छन् भने आधारभूत मुद्दामा दृढ । उनमा रहेको त्यही लचकताकै कारण संविधान सभाबाट संविधान निर्माण सम्भव भएको हो । प्रचण्ड र माओवादीले युद्धको बेलादेखि नै पहिचानमा आधारित प्रादेशिक पार्टी संगठन बनाएर संघीयताको दृढ पक्षपोषण गरेका थिए । भलै कि अन्तरिम संविधान-२०६३ बनाउँदा तत्कालीन शक्ति-सन्तुलनमा यो मुद्दा स्थापित हुन सकेन । तर ओली-देउवाहरू पहिचान र अधिकार सहितको संघीयताको न त पक्षमा थिए, न त सहयोगी ।

अहिले पनि उनीहरू संघवाद, समावेशीकरण, सामाजिक न्याय र सीमान्तकृत समुदायले पाएको आरक्षण सम्भव भएसम्म हटाउन चाहन्छन् । कांग्रेस-एमालेबीच वर्तमान गठबन्धन बन्दा भएको सहमतिको एउटा बुँदा राजनीतिक स्थिरताका नाममा समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने थियो । तर, परिवर्तनका यस्ता मुद्दाहरू स्थापित गरेका थिए प्रचण्डले । यो अर्थमा प्रचण्ड नेतृत्वको माओवादी पार्टीको भिजन र विचार नै आजको राजनीतिक परिवर्तनको चालक शक्ति थियो र हो । अरूहरू हुन् फगत सहायक पात्र । ओली-देउवा र प्रचण्डले कल्पना गरेको राज्य प्रणाली, शासकीय स्वरुप, निर्वाचन प्रणाली, प्रशासनिक संरचना र अर्थतन्त्रको ढाँचा पनि एउटै हैन । ओली-देउवा बेलायती मोडेलको संसदीय प्रणालीका पक्षधर हुन् । जो अहिलेको प्रशासनिक संरचनामा कुनै उल्लेखनीय परिवर्तन ल्याउन चाहँदैनन् ।

सबैलाई थाहा छ, नेपाली कांग्रेस स्थापनादेखि नै संसदीय व्यवस्थाको पक्षमा थियो । एमालेको राजनीतिक लाइन हो 'जनताको बहुदलीय जनवाद' । जसले तीन दशक बढी समयदेखि संसदीय प्रणालीको प्रत्यक्ष, परोक्ष पक्षपोक्षण गर्दै आएको छ । यी दुवै कुनै मौलिक सोच थिएनन् र होइनन् । तर प्रचण्ड र माओवादी संसदीय व्यवस्था र प्रथम हुनेले जित्ने निर्वाचन प्रणालीका पक्षधर हैनन् । उनी जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र समानुपातिक संसद् चाहन्छन् । यदि राजनीतिक शक्ति-सन्तुलन र संसद्को अंकगणित अनुकूल हुने हो भने माओवादी सर्वथा यस प्रकारको संविधान संशोधनका लागि तयार रहन्छ । आज यस प्रकारको संविधान संशोधनको सम्भावनाका लागि ओली-देउवा नै बाधक शक्ति हुन् । यदि उनीहरू बाधक बन्दैनथे त देशमा यतिखेरसम्म ठूलो संवैधानिक सुधार, संस्थागत तथा संरचनागत परिवर्तन सम्भव भइसक्थ्यो ।

नेतृत्व क्षमताको दृष्टिकोणले पनि प्रचण्ड ओली-देउवा भन्दा गुणात्मक रूपमै भिन्न हुन् । देउवा आफैंले एकपटक प्रचण्डलाई 'हिम्मतदार नेता' भनेका थिए । प्रचण्डको सबैभन्दा ठूलो नेतृत्व क्षमता 'वास्तविक समयमा हस्तक्षेप' हो । यही गुण नहुँदा 'चौम' र माओवादी धारका अन्य नेताहरू निर्मल लामा, मोहनविक्रम सिंह, मोहन वैद्य 'किरण', डा. बाबुराम भट्टराई, सीपी गजुरेल, रामबहादुर थापा 'बादल', नेत्रविक्रम चन्द 'विप्लव' आदि प्रचण्ड जत्तिको प्रभावकारी, गतिशील र परिणामदायी सावित हुन सकेनन् । ती 'प्रचण्ड बन्न' त खोजे तर 'बन्न नसकेका प्रचण्ड' मै सीमित भए । वस्तुनिष्ठ भई भन्दा, प्रचण्डमा एकप्रकारको तीव्र गतिशीलता, जाँगर, हुटहुटी, परिवर्तनको चाहना र व्यावहारिक परिणाम दिन सक्ने क्षमता देखिन्छ, जुन अरूमा छैन । यो सत्य हो कि कतिपय आन्तरिक तथा बाह्य दबाब झेल्दै गर्नु पर्दा प्रचण्डका कतिपय निर्णयले इतिहासलाई सहज मोड नदिएको हुन सक्दछ । ओली-देउवाको भन्दा प्रचण्डको यो पनि विल्कुलै भिन्न गुण हो कि उनी जनतामाझ विनम्रतापूर्वक गल्ती स्वीकार्न र आत्मालोचना गर्न तयार हुन्छन् । ओली-देउवा आफ्ना गल्ती र जनविरोधी कदम समेत कहिल्यै स्वीकार गर्दैनन्, ढाकछोप मात्र गर्दछन् ।

प्रचण्ड अरू नेताको तुलनामा व्यावहारिक रूपमा लचक छन् र आधारभूत मुद्दामा दृढ । उनमा रहेको त्यही लचकताकै कारण संविधानसभाबाट संविधान निर्माण सम्भव भएको हो । प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, पहिचान सहितका १४ प्रदेश जस्ता आफ्ना आधारभूत मुद्दा संविधानमा लेखिन नसक्ने भएपछि तिनलाई संविधानसभामा लिखित रूपमा दर्ज गराएर उनले संविधान निर्माणमा सघाए । कतिपय नमिल्दा एजेन्डा, फरक पृष्ठभूमि, फरक मनोविज्ञान र प्रवृत्तिगत भिन्नताका बाबजुद उनले २०७४ को चुनावमा वामपन्थी गठबन्धन र एमालेसँग पार्टी एकता स्वीकार गरे । यसको कारण थियो उनको समाजवाद निर्माणको सपना । उनी कम्युनिष्ट शक्ति र जनमतलाई एकीकृत गरेर छिटोभन्दा छिटो समाजवादको आधार तयार गर्न प्रयत्नशील थिए । अन्यथा, नेतृत्वको लोभ मात्रै हुन्थ्यो त उनले दुई अध्यक्ष स्वीकार नगर्न वा त्यही निहुँमा एकता अस्वीकार गर्न सक्दथे ।

कतिपयले २०४२ सालयता ४० वर्षदेखि निरन्तर पार्टीको मूल नेता हुनु प्रचण्डमा रहेको नेतृत्वको भोक हो भन्ने धारणा पनि राख्दछन् । तर, यो तर्क उचित छैन । किनकि उनले पार्टी नेतृत्वमा रहेर अनेक चुनौतीको सामना गरेका छन् । शायदै प्रचण्डको नेतृत्व विना त्यो काम हुन सक्थ्यो । प्रश्न यो पनि गर्नुपर्ने हुन्छ कि, प्रचण्डको नेतृत्व विना तत्कालीन माओवादी पार्टी बन्न, युद्धमा जान, एकदशक टिक्न र युद्धले उचाइ हासिल गर्न सक्थ्यो कि सक्दैनथ्यो ? दीर्घकालीन युद्धद्वारा क्रान्ति गर्ने चाहना त देशका धेरै कम्युनिष्ट नेताले राख्थे तर त्यो अरूको नेतृत्वमा किन कहिल्यै भएन ? र किन प्रचण्डकै नेतृत्वमा भयो ? यहींनेर अर्को प्रश्न पनि आउन सक्छ कि, के प्रचण्डको नेतृत्व विना शान्ति प्रक्रिया पूरा हुन सक्थ्यो ? संविधानसभाबाट संविधान बन्न सक्थ्यो ? शायद प्रचण्डको नेतृत्व विना शान्ति प्रक्रियाको जटिल संक्रमण पार गर्न सम्भव थिएन । त्यसैले उनी विशिष्ट र अरूभन्दा भिन्न छन् ।

प्रचण्डको विशेषता नै यही हो कि आज पनि उनी जनताको बीचमा दिन-रात जान सक्दछन् । प्रत्यक्ष जनसंवाद र 'मास अपिल' गर्न सक्दछन् । प्रचण्ड तीव्र राजनीतिक आकांक्षा र दृढता भएका 'सेल्फ मेड' नेता हुन्ह जो अरू होइनन् । अरू नेताको तुलनामा भूराजनीतिक सन्तुलन कायम गर्न सक्ने क्षमता र स्वीकार्यता पनि प्रचण्डमा बढी छ । नेपाली कांग्रेस र देउवाले सरकारको नेतृत्व गर्दा उत्तरी छिमेकी देश चीनसँगको सम्बन्ध असहज वा चिसो हुने गरेको छ । एमाले र ओलीले सरकारको नेतृत्व गरिरहँदा दक्षिणी छिमेकी देश भारतसँगको सम्बन्धमा अनावश्यक जटिलता र गतिरोध उत्पन्न हुने गरेको छ । प्रचण्डले सरकारको नेतृत्व गर्दा दुवै छिमेकी देशसँगको सम्बन्ध सहज र परिणामदायी हुने गरेको छ । पछिल्लो पटक सरकारको नेतृत्व गर्दा प्रचण्डले सुशासनका लागि जोखिम मोलेरै प्रयत्न गरेका हुन् । अन्यथा नक्कली भुटानी शरणार्थी प्रकरणको छानबिन र कारबाही सम्भव नै थिएन । स्मरण रहोस् कि यो प्रकरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत तामेली गरिसकेको थियो । प्रचण्ड नेतृत्वको सरकारकै जोडबलमा नेपाल प्रहरीको 'सीआईबी' ले यो काण्ड छानबिन गऱ्यो र मुद्दा अघि बढ्यो ।

यतिबेला भिजिट भिसा प्रकरणलाई लिएर अवरुद्ध संसद् सुचारु गर्न सत्ता पक्षसँग गरेको दुईबुँदे सहमति अर्को एउटा त्यस्तो उदाहरण हो, जसले प्रचण्डलाई सत्तामा हुँदा होस् वा प्रतिपक्षमा जिम्मेवारीले छोड्दैन भन्ने देखाउँछ । अघिल्लो वर्ष माओवादी सरकारमा हुँदा पनि संसद्मा यस्तै दृश्य थियो । प्रचण्ड नेतृत्वको सरकारका तत्कालीन गृहमन्त्री रवि लामिछानेलाई तत्कालीन प्रतिपक्ष कांग्रेसले संसद्मा बोल्नै दिएन । रास्वपाले राजीनामा दिनै नमान्ने । अहिले उस्तै घटना संसद्मा छ, तर ती दुवै दलको भूमिका भने फेरिएको छ । अहिलेको सत्तारुढ कांग्रेस त्यतिबेलाका गृहमन्त्रीलाई संसद्मा आफ्नो कुरा राख्नै नदिएर राजीनामा मागिरहेको थियो । त्यतिबेलाको सत्तारुढ रास्वपा अहिले गृहमन्त्रीलाई आफ्नो कुरा राख्नै नदिएर राजीनामा मगिरहेको छ ।

यो विरोधाभासले लोकतान्त्रिक गणतन्त्रलाई नै संकटतिर लैजान्छ भनेर चिन्ता प्रचण्ड एक्लैले गर्नुपरेको छ । अरू दल र नेताहरूको गैरजिम्मेवारपन र अक्षमतालाई अन्ततः प्रचण्डले नै सच्याइदिनु परेको छ । त्यतिबेला रवि लामिछानेलाई आफ्नो कुरा राख्न दिनुपर्छ भनेका प्रचण्डले यतिबेला छानबिन गर्ने शर्तमा रमेश लेखकलाई पनि आफ्नो कुरा संसद्मा राख्न दिनुपर्छ भनेका छन् । यो सत्ता पक्षको विषय हो वा केपी शर्मा ओली र शेरबहादुर देउवाको विषय हो भनेर प्रचण्ड चुपचाप बसिदिन पनि सक्थे । विपक्षीलाई साथमा लिएर थप भाँजो हालिदिन पनि सक्थे । तर त्यसो गरेनन् । किनभने, प्रचण्ड जिम्मेवार छन्ह जो अरू छैनन् ।

संसद्मा देखिएको यही विरोधाभासका कारण सरकारलाई संविधानले तोकेको मिति जेठ १५ मा आर्थिक वर्षको बजेट नै पेश गर्न नसक्ने अवस्थामा पुऱ्याइसकेको थियो । तर अध्यादेशका सौखिन ओलीलाई त्यही बहाना बनाइदिएर लोकतन्त्रमाथि उत्पन्न संकट रोक्नुपर्छ भनेर सोच्न पनि प्रचण्ड नै चाहिने स्थिति बन्यो । प्रचण्डमा जति परिवर्तनलाई संस्थागत गर्ने र सुशासन दिने हुटहुटी कुनै नेतामा छैन । प्रचण्ड सपना देख्दछन् र त्यसलाई पूरा गर्न जोखिम उठाउन तयार हुन्छन् । अरूमा त्यो योग्यता देखिँदैन । यी र यस्ता थुप्रै आधारमा भन्न सकिन्छ, ओली-देउवा र प्रचण्ड एउटै प्रवृत्तिका नेता हैनन् । अतः सबै उस्तै भन्ने झुटो संकथन समाजमा स्थापित हुन दिनु इतिहासको उज्ज्वल दियोलाई अँध्यारो बर्को ओढाएर छोप्न खोज्नु जस्तै हो ।

*(साभार: अनलाइनखबर)*

# सरकारी निकायको आर्थिक अराजकता रोक्न महालेखाको भूमिका

✍ सागर पण्डित

**महालेखाको जिम्मेवारी लेखापरीक्षण मात्र होइन, सुधारको दिशामा मार्गनिर्देशन पनि हो । तर त्यसको प्रभावकारिता सरकारी निकायको प्रतिबद्धता र कार्यान्वयन क्षमतासँग गाँसिएको हुन्छ । त्यस्तै सरकारले महालेखापरीक्षकको कार्यालयलाई साधन, स्रोत र स्वतन्त्रता दिने मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको स्वच्छता सुनिश्चित गर्न पनि कदम चाल्नुपर्छ ।**

नेपालको सार्वजनिक प्रशासन र वित्तीय अनुशासनमा बेरुजु एक गम्भीर रोगको रुपमा उभिएको छ । राज्यकोषबाट खर्च गरिएको रकमको लेखाजोखा, जवाफदेहिता र पारदर्शिताको आधारमाथि आघात पुऱ्याउने गरी बर्सेनि बढ्दो बेरुजुले सुशासनमाथि गहिरो प्रश्न उठाइरहेको छ । महालेखापरीक्षकको कार्यालयले प्रत्येक आर्थिक वर्षमा सार्वजनिक निकायमा लेखापरीक्षण गर्दै लेखापरीक्षण प्रतिवेदनमार्फत यस्ता अराजक अभ्यासको खुलासा गर्दै आएको छ, तर सुधारको पहल भने अपेक्षितरूपमा अघि बढ्न सकेको छैन ।

महालेखापरीक्षकको कार्यालयले पछिल्लो समयमा सार्वजनिक गरेको ६२ औं वार्षिक प्रतिवेदनअनुसार, आर्थिक वर्ष २०८०/८१ मा मात्रै कुल ९१ अर्ब ६० करोड रुपियाँको नयाँ बेरुजु देखिएको छ । यो रकम हालसम्म फर्स्यौट नभएको बेरुजुमा थपिँदा देशको कुल बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड रुपियाँ पुगेको छ । यो रकम नेपालको वार्षिक बजेटको झन्डै एक तिहाइ बराबर छ, जुन वित्तीय अनुशासनको दृष्टिकोणले अत्यन्तै भयावह अवस्था हो । यसमध्ये करिब ३० अर्ब असुल गर्नुपर्ने रकम प्रत्यक्ष अनियमितताको परिचायक हो भने ५६ अर्ब रुपियाँ नियमअनुसार नियमित गर्नुपर्ने रकम हो । यी तथ्यांकहरूले देखाउँछन् कि राज्यको धनसम्पत्ति व्यक्तिगत लाभका लागि प्रयोग गर्ने प्रवृत्ति अझै अन्त्य भएको छैन, बरु नितान्त संस्थागत स्वरुपमा फैलिँदै गएको छ ।

नेपालको संविधानबमोजिम महालेखा परीक्षकको कार्यालय एक स्वतन्त्र संवैधानिक निकाय हो, जसको प्रमुख जिम्मेवारी सरकारी आय-व्यय र सम्पत्ति-दायित्वको लेखापरीक्षण गर्नु हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी खर्च गर्ने कर्मचारी वा पदाधिकारीमा स्पष्टरुपमा तोकिएको छ । तर जिम्मेवारी तोकिए पनि त्यसको पालना गर्ने अवस्था भने ज्यादै कमजोर छ । महालेखाको तर्फबाट प्रत्येक वर्ष सम्बन्धित कार्यालयलाई सुधारात्मक सुझाव र मार्गदर्शन दिइन्छ तर ती सुझाव कार्यान्वयन गर्ने सरकारी संस्थाहरूको इच्छाशक्ति कमजोर देखिन्छ । नतिजास्वरूप एकातर्फ बेरुजु थपिँदै जान्छ भने अर्कातर्फ अनुशासनको ख्याल नगर्ने प्रवृत्तिमा प्रोत्साहन मिल्दै जान्छ ।

महालेखाको हालको नेतृत्वले 'भ्रष्टाचारमा शून्य सहनशीलता'को नीति अपनाउँदै लेखापरीक्षणको दायरा र प्रभावकारिता दुवैमा सुधार ल्याउने प्रयास गरिरहेको छ । लेखापरीक्षणको दायरा प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्दै सातवटै प्रदेशमा अनिवार्यरुपमा क्षेत्रीय कार्यालय राख्नुपर्ने माग यथार्थपरक छ । यसले वित्तीय अनुशासन कायम गर्न स्थानीय तहसम्मै लेखापरीक्षणको प्रभावकारिता बढाउन सक्नेछ । महालेखाले बर्सेनि झन्डै ६ हजार सरकारी कार्यालयहरुको लेखापरीक्षण गर्दै आइरहेको छ । सरकारका सबै निकायको लेखापरीक्षण गर्ने जिम्मेवारी पाएकाले लेखापरीक्षक कार्यालयले यो सबै काम केन्द्रबाट मात्रै गर्नुपर्ने बाध्यता छ । जसका कारण कार्यालयले धेरै नै समस्या व्यहोर्नुपरिरहेको छ । त्यसैले सरकारले सातै प्रदेशमा महालेखा परीक्षक कार्यालयको प्रदेश स्तरीय कार्यालय राख्न अब ढिलाइ गर्नुहुँदैन ।

महालेखापरीक्षक कार्यालयले सीमित स्रोत, साधन र जनशक्तिबाट देशभरका सरकारी कार्यालयको लेखापरीक्षण गर्नुपर्ने बाध्यता छ । त्यसैले महालेखालाई साधन, स्रोत र जनशक्तिले सम्पन्न गराउनुपर्ने बेला आएको छ । सुधार गर्ने सवालमा महालेखालाई पूर्णरुपले स्वायत्तता दिनुपर्छ । महालेखालाई आवश्यक पर्ने जनशक्तिका बारेमा महालेखा कार्यालयबाहेक अन्यलाई थाहा हुँदैन । त्यसैले यसको 'ओ एन्ड एम सर्भे' गर्ने अधिकार महालेखालाई नै गर्न दिँदा उचित हुन्छ ।

अर्कोतर्फ महालेखाका आफ्नै कर्मचारी माथि पनि समय-समयमा प्रश्न उठ्ने गरेको छ । कतिपय अवस्थामा लेखापरीक्षणमा खटिएका कर्मचारीमाथि कमिसन लिएको, पैसा खाएर हिसाब मिलान गर्ने गरेको वा साँठगाँठको आरोप लाग्नुले यस संवैधानिक निकायको निष्पक्षता र साखमाथि प्रश्न खडा गर्ने भएकाले यस विषयमा महालेखाका सबै कर्मचारी र पदाधिकारीहरु सतर्क हुनुपर्छ । महालेखाले आन्तरिकरुपमा यस्ता प्रश्नहरु नआउने गरी लेखापरीक्षण कार्यलाई पारदर्शी र वैज्ञानिक बनाउनुपर्छ । कसैले पैसा खाएर कागजात मिलाएको पुष्टि भएमा कारबाही गर्ने परिपाटीको विकास गर्नुपर्छ । महालेखापरीक्षक कार्यालयले गुनासो सुनुवाइ गर्न आफैंभित्र स्थायी संयन्त्र निर्माण गर्नुपर्छ । यसो गर्न सकेमा महालेखा परीक्षक कार्यालयमाथि लाग्ने गरेको आरोप खण्डित हुनसक्छ र त्यस प्रकारका गुनासाहरु पनि आउँदैनन् ।

उता महालेखाजस्ता संवैधानिक र स्वतन्त्र निकायले गरेका काम-कारबाहीका बारेमा प्रश्न उठाउने पक्षहरुले पनि तथ्यसहित प्रश्न गर्नुपर्छ । महालेखाजस्ता संवैधानिक निकायमा काम गर्नेहरुका विरुद्ध कसैले पनि हचुवामा तथ्यविनाको आरोप लगाएर संवैधानिक निकायमा कार्यरतहरुको मनोबल गिराउने काम कसैबाट गरिनुहुँदैन । संसद्ले पनि महालेखापरीक्षक कार्यालयलगायतका संवैधानिक निकायले गरेको कामको सकारात्मक र नकारात्मक पक्षलाई यथाशक्य चाँडै छलफलमा ल्याएर नियमितरुपमा नै स्पष्ट मार्गनिर्देशन दिन सक्नुपर्छ । त्यसैले महालेखाको भित्रैदेखि सुधार आवश्यक छ- स्वच्छ संयन्त्र, आन्तरिक अनुशासन र पारदर्शिताको सुनिश्चितता अपरिहार्य छ । महालेखाले लेखा परीक्षण प्रतिवेदनमार्फत सार्वजनिक गरिएका अनियमितता, खर्चको औचित्यहीनता वा झुटा बिल-भर्पाइको विवरणहरूलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक नलिँदा समस्या झन् जटिल बन्दै गएको छ । कतिपय निकायले महालेखाको सुझावलाई सरोकारको विषय नै ठान्दैनन्, जसले शासन प्रणालीमा गम्भीर विसंगति सिर्जना गरेको छ । यस स्थितिमा सुधार ल्याउन महालेखाले मात्र नभई, अर्थ मन्त्रालयदेखि लेखा प्रमुख, सचिव, कार्यालय प्रमुखहरु, लेखा अधिकृतलगायत सम्पूर्ण प्रशासनिक संयन्त्रले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ ।

क्रमशः पृष्ठ-३...

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ६ गते शुक्रबार २० जुन २०२५ । नवमी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०१ । विश्व शरणार्थी दिवस । नक्वा:दिसि

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तको सहयोग मिल्नेछ | तुला | : नयाँ काम गर्न जागर आउनेछ |
| वृष | : यात्राको लागि राम्रो समय छ | वृश्चिक | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| मिथुन | : सोचेजस्तो सहयोग मिल्नेछैन | धनु | : पढाइमा सहयोग मिल्नेछ |
| कर्कट | : समय पूजापाठमा बित्नेछ | मकर | : रिसाउने बानीले हानि पुग्नेछ |
| सिंह | : व्यापारबाट फाइदा हुनेछ | कुम्भ | : सामाजिक काममा रुचि बढ्नेछ |
| कन्या | : मन प्रशन्न हुने देखिन्छ | मीन | : यात्रामा कष्ट मिल्नेछ |

# नेपालमा एमसीसी 'निरन्तर'



काठमाडौं/नेपालमा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को ७५ अर्ब रुपैयाँ (५५ करोड अमेरिकी डलर) अनुदानमा सञ्चालन भइरहेको परियोजनाले निरन्तरता पाउने सम्भावना देखिएको छ । यसअघि गत वैशाखमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गठन गरेको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसियन्सी (डोज)ले एमसीसी नै खारेज गर्ने तयारी गरेको समाचार बाहिरिएपछि नेपाल कम्प्याक्ट निरन्तर हुने नहुनेमा अन्योल छाएको थियो ।

तर, अमेरिकाले वैदेशिक सहायताबारे पुन:मूल्यांकन गरिरहेकै अवस्थामा गत मार्चमा एमसीसीले नेपाललाई पत्र लेखी केही महत्त्वपूर्ण खरिद तथा कार्यालय सञ्चालन सम्बन्धी आवश्यक कार्यहरू गर्न अनुमति दिएकोमा त्यो कार्यले निरन्तरता पाई नै रहेको छ । एमसीसीले आफ्ना कार्यक्रम भएका अन्य देशमा कार्यक्रम कटौती गर्दा पनि नेपालमा भने केही महत्त्वपूर्ण काम गर्न दिएको अनुमतिलाई निरन्तरता दिनुलाई अर्थ मन्त्रालयका अधिकारीहरूले यो कम्प्याक्ट निरन्तरता हुने हिसाबले बुझेका छन् ।

'एमसीसी वा अमेरिकी सरकारबाट यसको निरन्तरता हुने वा नहुने विषयमा औपचरिक रुपमा कुनै जानकारी आएको छैन,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'तर, अनौपचारिक रुपमा भने एमसीसीका अधिकारीहरू यो कम्प्याक्टले निरन्तरता पाउन् सम्भावना उच्च रहेको बताउँछन् ।' प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, यसबीचमा अमेरिकी राजदूत डिन थम्सनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई दुईपटक भेट गरिसकेका छन् । 'पहिलो भेटमा एमसीसी निरन्तरता नहुने खालको कुरा गरेका राजदूत थम्सनले दोस्रो भेटमा भने 'पहिले मैले भनेजस्तो होइन रहेछ, यो निरन्तर हुनसक्छ' भन्ने आशावादी कुरा गरेका थिए,' प्रधानमन्त्री कार्यालय स्रोतले संचारकर्मीसँग बतायो ।

यसका साथै, अमेरिकाका लागि नेपाली राजदूत लोकदर्शन रेग्मीले अमेरिकाको गृह सुरक्षा मन्त्रालयका व्यापार तथा आर्थिक सुरक्षा हेर्ने सहायकमन्त्री सोहन दासगुप्तासँग एमसीसीको निरन्तरताका विषयमा कुराकानी गरेका थिए । अमेरिकाले एमसीसी अनुदानका परियोजना सञ्चालनमा रहेका देशहरूमा निरन्तरता गर्ने कि नगर्ने विषयमा सिफारिस गर्ने जिम्मा दासगुप्तालाई दिएको थियो ।

'२० जेठमा भएको सो भेटघाटमा सहायकमन्त्री दासगुप्ताले नेपालको अनुदानलाई निरन्तरता दिने विषयमा सकारात्मक रहेको सन्देश दिएका थिए,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो । नेपालमा दायित्व सृजना भइसकेको भुक्तानीका लागि एमसीसीले अहिले पनि रकम पठाइरहेको अर्थ मन्त्रालय स्रोत बताउँछ । त्यसले पनि अर्थ मन्त्रालय र एमसीसीका अधिकारीहरू यो कार्यक्रममा निरन्तर कायम रहने बढी नै आशावादी देखिएको विश्वस्त स्रोतले संचारकर्मीलाई बतायो ।.

एमसीसी सहयोगका विषयमा नेपालस्थित अमेरिकी दूतावासले बुधबार जारी गरेको एक विज्ञप्तिमा स्पष्ट रुपमा एमसीसीले निरन्तरता पाउने नभने पनि सकारात्मक संकेत भने गरेको छ । 'एमसीसीले नेपाल सरकारको अर्थ मन्त्रालय र एमसीए-नेपालसँग निकट सहकार्य गर्दै कम्प्याक्टअन्तर्गत गरिएका वा सुरु गर्न लागिएका गतिविधिहरू (सम्भावित नयाँ प्रतिबद्धतासहित) संयुक्त राज्य अमेरिका र नेपाल सरकारका प्राथमिकतासँग मेल खाने, पारदर्शिता, सुशासन, प्रभावकारी कार्यान्वयन र जोखिम व्यवस्थापन सुनिश्चित गर्ने गरी अगाडि बढाइरहेको छ,' दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यहाँ उल्लेख 'सम्भावित नयाँ प्रतिबद्धता' (पोटेन्सियल न्यू अब्लिगेसन्स) भन्ने शब्दावलीले नेपालमा एमसीसी- नेपालले अघि बढाएको काममा नयाँ ठेक्का लाग्नसक्ने सम्भावनालाई इंगित गरेको अर्थ मन्त्रालय स्रोत बताउँछ । यसका साथै, फ्रेब्रुअरी २०२५ मा अमेरिकी विदेशमन्त्रीले वैदेशिक सहायता सम्बन्धी समीक्षा चलिरहेकै बेला लागु गरिएको ९० दिने रोकमा एमसिसी नेपाल कम्प्याक्टका लागि विशेष अपवाद प्रदान गर्दै यसको निरन्तर कार्यान्वयनलाई स्वीकृति दिएको पनि विज्ञप्तिमा स्मरण गराइएको छ ।

'यस अपवादले एमसिसी नेपाल कम्प्याक्टको कार्यान्वयनलाई समीक्षा अवधिमा पनि निरन्तर अगाडि बढाउन स्वीकृति प्रदान गरेको छ । एमसिसी र नेपालस्थित अमेरिकी दूतावास सरोकारवालासँग सहकार्य र संवाद गर्दै यस समीक्षाको सकारात्मक परिणामका लागि प्रयत्नरत छन्,' विज्ञप्तिमा भनिएको छ । संयुक्त राज्य अमेरिका नेपालसँगको द्विपक्षीय सम्बन्ध र नेपाली जनताको समृद्धि तथा दीर्घकालीन आर्थिक वृद्धि प्रवर्द्धन गर्ने प्रयासप्रति प्रतिबद्ध रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

**"एमसीसीको बजेट कटौतीको असर नेपाललाई नपर्ने"**

विकासशील देशको पूर्वाधारमा लगानी गर्ने अमेरिकी वैदेशिक सहायता निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)ले आगामी आर्थिक वर्ष २०२६ का लागि आफ्नो बजेटमा ठूलो कटौती गरेको थियो । २०२४ र २०२५ दुवै वर्ष ९३ करोड अमेरिकी डलर बजेट रहेको एमसीसीले आगामी वर्ष त्यसमा व्यापक कटौती गर्दै २२ करोड ४० लाख डलर मात्रै माग गरेको थियो । यस्तो अवस्थामा नेपाललाई दिने अनुदान कटौती हुने हो कि भन्न आशंका गरिएको थियो । तर, एक जानकार स्रोतका अनुसार नेपाललाई दिने अनुदानमध्ये अधिकांश यसअघि नै दायित्व सृजना भइसकेकाले सन् २०२६ मा हुने बजेट कटौतीले नेपाललाई असर गर्दैन । 'नेपालको परियोजनाका लागि पहिल्यै दायित्व सृजना भइसकेको छ, अर्थात् यसअघिका वर्षहरूमा विनियोजित बजेटबाटै त्यो रकम आउने हो, नेपालमा भएको कामका आधारमा भुक्तानी हुँदै जाने हो,' स्रोतले अनलाइखबरलाई बतायो ।

**मार्चमा एमसीसीले दिएको थियो केही काम अघि बढाउन अनुमति**

अमेरिकाले आफ्नो वैदेशिक सहायताबारे पुनर्मूल्यांकन गरिरहेकै अवस्थामा गत मार्चमा एमसीसीले नेपाललाई पत्र लेखी केही महत्वपूर्ण खरिद तथा कार्यालय सञ्चालन सम्बन्धी आवश्यक कार्यहरू गर्न अनुमति दिएको थियो । त्यसपछि नेपालमा एमसीसीले ५५ करोड अमेरिकी डलर अनुदानमा सञ्चालन गरिरहेका कार्यक्रमले निरन्तरता पाउने अपेक्षा गरिएको थियो । तर, डोजले यसअघि यूएसएड बन्द गरेजस्तै एमसीसी पनि बन्द गर्न लागेको अमेरिकी मिडियाहरूमा रिपोर्ट सार्वजनिक भएको थियो । डोजले एमसीसीका कर्मचारीहरूलाई पत्र लेखी बिदामा बस्न भनेको थियो ।

यूएसएडजस्तै एमसीसीको अनुदान बन्द भएको अवस्थामा ३१५ किलोमिटर हाइभोल्टेज प्रसारण लाइन, तीनवटा सबस्टेसन तथा सडक सुधार आयोजनाको काम अघि बढ्ला कि नबढ्ला भन्ने अन्योल थियो । तर, अमेरिकी सरकारले अपवादका रुपमा नेपालको कार्यक्रमलाई अघि बढाउने संकेत गरेपछि सरकारी अधिकारीहरू उत्साहित देखिएका छन् । सरकारले आगामी आर्थिक वर्षको बजेटमा ५ अर्ब ६८ करोड रुपैयाँ अनुदान एमसीसीबाट प्राप्त हुने प्रक्षेपण गरेको छ ।

नेपालले सन् २०१७ मै एमसीसी कम्प्याक्टमा हस्ताक्षर गरेकोमा त्यसलाई संसदबाट पारित गर्न पाँच वर्ष लागेको थियो । चीनको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई)को बढ्दो प्रभावलाई रोक्न एमसीसीले प्रभावकारी काम गरेको एमसीसीले आफ्नो दस्तावेजमा उल्लेख गरेको छ । नेपालमा एमसीसी कम्प्याक्टमा हस्ताक्षर हुँदा चिनियाँ अधिकारीहरू रिसाएको द न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ ।

**के छ नेपालमा प्रगति ?**

नेपालमा एससीसीका अनुदानमा बन्ने परियोजनाहरूमध्ये तीनवटा सबस्टेसन तथा १८ किलोमिटर प्रसारण लाइनको ठेक्का लागिसकेको छ । त्यसमध्ये केही ठाउँहरूमा भौतिक निर्माण पनि सुरु भइसकेको छ । एमसीए नेपालले तनहुँको दमौली, नुवाकोटको रातमाटे सबस्टेसन र नवलपरासीमा ४०० केभी क्षमताको सबस्टेसन निर्माण गर्न ठेक्का लगाइसकेको हो । त्यस्तै, न्यू बुटवल सबस्टेसनदेखि भारतीस सीमासम्मको १८ किलोमिटर प्रसारण लाइन निर्माणको ठेक्का सम्झौता पनि भइसकेको हो ।

त्यसबाहेक बाँकी २९७ किमि प्रसारण लाइन निर्माणका लागि एमसीएले १२ मंसिर २०८१ मा बोलपत्र आह्वान गरेको थियो । त्यसरी आह्वान भएको ठेक्का प्रक्रियामा सहभागी निर्माणकर्ताको बोलपत्र मूल्यांकन प्रक्रिया अहिले अन्तिम चरणमा रहेको अर्थ मन्त्रालय स्रोत बताउँछ । त्यसअघि कुल ३ सय १५ किलोमिटर प्रसारण लाइन निर्माणका लागि दुई वर्षअघि आह्वान भएको बोलपत्रमा बोलपत्रदताले हालेको टेन्डरको न्यूनतम् प्रस्ताव नै लागत अनुमानको ६० प्रतिशत महँगो परेपछि २६ असोज ०८० मा सबै प्रक्रिया रद्द गरिएको थियो ।

प्रसारण लाइन परियोजनाको पुन: मूल्यांकन गरिएकोमा त्यसअघिको छुट्याइएको बजेट अपुग हुने भएपछि अमेरिकी संसदले थप ५ करोड अमेरिकी डलर (करिब ७ अर्ब रुपैयाँ) अनुदान थप्ने प्रस्ताव पारित गरेको थियो । ५ वर्षमा निर्माण सम्पन्न हुनैपर्ने, नभए अमेरिकी अनुदान फिर्ता जाने प्रकृतिको एमसीए परियोजना गत वर्षको १३ भदौ २०८० बाट कार्यान्वयनमा गएको थियो । परियोजना कार्यान्वयन अर्थात् इन्ट्री इन्टु फोर्समा गएको मितिदेखि काउन्टडाउन सुरु हुन्छ र पाँच वर्षको अवधिमा खर्च नभएको रकम अमेरिकाले फिर्ता लैजान्छ ।

त्यसअनुसार अब ३ वर्ष २ महिना ११ दिनभित्र परियोजना सम्पन्न भइसक्नुपर्छ । एमसीसीको ५५ करोड अनुदान प्रतिबद्धतामध्ये सन् २०२३ र २०२४ मा गरेर ४७ करोड १३ लाख डलर (करिब ६६ अर्ब रुपैयाँ)को दायित्व सृजना भइसकेको अमेरिकाको फरेन असिस्टेन्स डट जीओभीले जनाएको छ । अमेरिकी सहयोग नियोग एमसीसीको अनुदानमा प्रसारण लाइन र सडक पूर्वाधार बनाउने गरी २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच सम्झौता (कम्प्याक्ट) मा हस्ताक्षर भएको थियो ।

त्यसबेला एमसीसीले नेपाललाई ५० करोड डलर अनुदान उपलब्ध गराउने विषय उल्लेख थियो । तर, त्यो सम्झौता कार्यान्वयन गर्ने विषयमा नेपालमा लामो समयसम्म राजनीतिक तहमा विवाद भएपछि कम्प्याक्टलाई नेपालको संसदले अनुमोदन गर्न साढे ४ वर्षभन्दा बढी समय लाग्यो । १५ फागुन २०७८ मा मात्रै नेपालको संसदबाट व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट अनुमोदन भयो । र, सम्झौता भएको ६ वर्षपछि १३ भदौ २०८० बाट एमसीसी परियोजना कार्यान्वयनमा गएको छ ।

एमसीसी अनुदान परियोजना कार्यान्वयनका लागि नेपाल सरकारले सुरुमा १३ करोड अमेरिकी डलर योगदान गर्ने सम्झौता भएको थियो । तर, एमसीसी परियोजनाको लागत बढ्ने भएपछि नेपालले २०२३ मे मा थप ६ करोड ७० लाख रुपैयाँ लगानी बढाउने प्रतिबद्धता गरिसकेको छ । यसरी नेपालले गर्ने कुल योगदान रकम १९ करोड ७० लाख डलर भएको छ ।

**एमसीसी के हो ?**

एमसीसी अमेरिकाको वैदेशिक सहायता गर्ने एजेन्सी हो । यसले खासगरी गरिबी न्यूनीकरणका लागि काम गर्छ । यसको स्थापना अमेरिकी कंग्रेसले सन २००४ मा गरेको थियो । एमसीसीले अवधि तोकिएका अनुदान कार्यक्रमलाई सहयोग गर्छ, ती आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, संस्थागत सुदृढीकरणसँग सम्बन्धित हुन्छन् । 'यसले साझेदार मुलुकमा स्थायित्व र समृद्धि ल्याउने मात्रै होइन, अमेरिकी स्वार्थ बढाउने काम पनि गर्छ,' एमसीसीले आफ्नो परिचयमा उल्लेख गरेको छ ।

नेपालमा भने सन २०११ देखि एमसीसीले चासो दिएको हो । २०१४ मा एमसीसीले आफ्नो कार्यक्रमका लागि नेपाललाई 'योग्य' भनेर छनोट गरेको थियो । त्यसपछि नेपालको निरन्तरको पहलपछि अमेरिकाले एमसीसी मार्फत ५० करोड डलर अनुदान दिने निर्णय गरेको हो । अमेरिकी सरकारले पनि ५ करोड डलर अनुदान थपेपछि परियोजनाको कुल लागत ७४ करोड ७० लाख डलर (१ खर्ब २ अर्ब ३४ करोड रुपैयाँ) पुग्ने भएको छ । एमसीसीले नेपाल सरकारलाई २ फागुन २०८१ मा इमेल गरी वैदेशिक सहायता पुनर्मूल्यांकन तथा पुनर्संरचना गर्ने डोनाल्ड ट्रम्पको २० जनावरी २०२५ को कार्यकारी आदेश अनुसार ९० दिनका लागि एमसीसीबाट हुने खर्च स्थगन गर्न भनेको थियो । तर, मार्चमा नेपाल लगायत ४ देशका केही महत्वपूर्ण काम गर्न एमसीसीले अनुमति प्रदान गरेपछि अहिले त्यसको काममा काम भइरहेको छ ,।

यो नेपाल सरकारले कार्यान्वयन गर्ने कार्यक्रम हो । यो कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारले एक कार्यालय खोलेको छ, जसलाई 'मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल' (एमसीए-नेपाल) भनिन्छ । यो विकास समिति ऐन २०१३ अन्तर्गत गठन आदेशमार्फत स्थापना भएको हो ।

(स्रोत: अनलाइखबर)

# जेठमा ३६ फिल्मलाई निर्माण इजाजत, ५२ करोड लगानी निश्चित




काठमाडौं/जेठ महिनामा चलचित्र विकास बोर्डले ३६ फिल्मलाई निर्माण अनुमति प्रदान गरेको छ । यो संख्या हेर्दा फिल्म निर्माण हुने संख्यामा अघिल्लो वर्षभन्दा वृद्धि हुने देखिन्छ । प्रदीप खड्कालाई शीर्ष भूमिकामा लिएर थमनकुमार भण्डारीले 'लोभीपापी' फिल्म निर्माण गर्नेछन् । यसको बजेट २ करोड ३० भनिएको छ ।

मरिचमान श्रेष्ठ 'बल्छी धुर्बे'ले आफ्नो निर्देशन र निर्माणमा फिल्म 'गोबर गणेश' बनाउने भएका छन् । पुजन घिमिरे पुकुलाई लिएर उनले २ करोडको बजेटमा फिल्म बनाउनेछन् । किरण नेपालीले २ करोड ९० लाखको बजेटमा फिल्म 'महारानी' बनाउनेछन् । यसको निर्देशन मुस्कान ढकालले गर्ने जनाइएको छ ।

'पूर्णबहादुरको सारंगी'का निर्माता प्रतीक सुवेदी 'प्याट्रिक'ले २ करोडको बजेटमा फिल्म 'पाण्डेको वान डे' बनाउनेछन् । यो फिल्मबाट पटकथाकार महेश दवाडीले डेब्यु गर्दैछन् । वरिष्ठ चिकित्सक तथा गीतकार भोला रिजालका छोरा कपिलले दोस्रो फिल्म 'छलकपट' निर्देशन गर्नेछन् । यसको बजेट २ करोड ५० लाख तय छ ।

भुवन केसीले २५ लाखमा अनमोल केसीलाई लिएर 'बाटुलो जुन' निर्देशन गर्नेछन् । यसको निर्माण उनकी प्रेमिका जियाले गर्नेछिन् । यो फिल्ममा अनमोल र प्रिन्सी खतिवडा कलाकारमा तय छन् । नीता ढुंगानाले २ करोड बजेटको 'एक दुई तीन' र २ करोड १० लाख बजेटको 'सुखद्:ख' बनाउनेछिन् ।

गणेशदेव पाण्डेले ३ करोड बजेटको 'पारी बुटोल' निर्देशन गर्नेछन् । चेतन आङथुपोले १ करोड १० लाख 'दारासिङ' बनाउनेछन् । प्रचण्डमान श्रेष्ठले ५७ लाखको फिल्म 'जयन्ती' र ६३ लाख बजेटको 'पथलैया' निर्माण एवं निर्देशन गर्नेछन् । सवीन श्रेष्ठले १ करोडमा पथलैया बनाउनेछन् । केकी अधिकारीले दुई फिल्म 'भद्रकाली' र 'राधापियारी'को लागि निर्माण इजाजत लिएकी छन् । पछिल्लो फिल्मको बजेट ४२ लाख ५० हजार भनिएको छ ।

५ करोड ४० लाखको बजेटमा अरुण स्याङ्तानले फिल्म 'तथास्तु' निर्माण गर्ने भएका छन् । पूजना गुरुङले २ करोड बजेटको फिल्म 'क्याप्टेन कालिका' निर्देशन गर्ने भएकी छन् । १ करोड २० लाखको बजेटमा भवानी संग्रौलाले 'आहुति २' निर्माण र निर्देशन गर्ने भएका छन् । यो फिल्मबाट मोडल अञ्जली अधिकारीले डेब्यु गर्दैछिन् ।

आशीर्वाद क्षेत्रीलाई शीर्ष भूमिकामा लिएर कृष्ण विकले १ करोड ६५ लाख रुपैयाँमा फिल्म 'गैरीखेत' निर्देशन गर्ने भएका छन् । नवीन पन्तले २ करोड बजेटमा 'बाकस', हिमाल न्यौपानेले ९९ लाखमा तलिसा गुरुङलाई हिरोइनमा लिएर फिल्म 'सतिघाट्' निर्देशन गर्ने भएका छन् । प्रदीप खड्कालाई शीर्ष भूमिकामा लिएर सुदर्शन थापाले २ करोडमा 'शुभविवाह' निर्देशन र निर्माण गर्नेछन् । थापाले डेढकरोड बजेटमा अर्को फिल्म 'चालिस कटेसी रमाउँला' पनि बनाउनेछन् ।

अमित अग्रहरिले साढे २ करोडको बजेटमा फिल्म 'इट्टा भट्टा' बनाउनेछन् । अग्रहरिले डेढकरोड बजेटमा 'चिट्टा' बनाउने जनाएका छन् । घनश्याम लामिछानेले १ करोड २५ लाखमा फिल्म 'लुछाचुँडी' बनाउने भएका छन् । जेठ महिनामा मात्र ३६ फिल्ममार्फत ५२ करोड लगानी निश्चित भएको छ । बैशाखमा १८ फिल्म निर्माण इजाजत लिएका थिए ।

# 'बाटुलो जून'मा अनमोलको जोडी बन्दै प्रिन्सी



काठमाडौं/टिकटकबाट उदाएर म्यूजिक भिडियोमा राम्रो सफलता पाएकी मोडल प्रिन्सी खतिवडालाई अब फिल्ममा देख्न पाइने भएको छ । त्यो पनि अनमोल केसीको जोडी बनेर । अभिनेता भुवन केसीको निर्देशनमा बन्न लागेको फिल्म 'बाटुलो जून'बाट उनले डेब्यु गर्न लागेकी हुन् । उनलाई निर्माण टिमले अडिसनबाट छानेको हो । एक साताअघि प्रिन्सीसहित १५ जनाको अडिसन लिइएको थियो ।

प्रिन्सीले एक सय बढी म्यूजिक भिडियोमा काम गरिसकेकी छन् भने केही हिन्दी गीतमा समेत अभिनय गरेकी छन् । टिकटकमा बनाएको भिडियोबाट दर्शकमाझ चिनिएकी उनलाई सामाजिक सञ्जालमा पछ्याउनेको संख्या ठूलो छ । टिकटकमा मात्र उनको फलोअर्स करिब ५ लाख छ । केही दिनयता अनमोलसँग वर्कसपमा बसेर उनले स्क्रिप्ट अध्ययन गर्दै चरित्र निर्माण गरिरहेकी छन् ।

अभिनेत्री जीया केसीले निर्माण गर्न लागेको फिल्मको छायांकन आगामी साताबाट सुरु हुँदैछ । अंगुर खेती र पानी परेको दृश्य खिच्नुपर्ने भएकाले करिब एक साता धादिङ जिल्लामा अवस्थित नौबिसेमा फिल्मको छायांकन गरिने जनाइएको छ । दोस्रो चरणको छायांकन भने मनसुन सकिएपछि हुनेछ । यो बीचमा अनमोलले आफ्नो अर्को फिल्म 'जेरी अन टप'को गीतको छायांकन गर्नेछन् ।

चलचित्र विकास बोर्डबाट 'बाटुलो जून' शीर्षकमा फिल्म निर्माणका लागि इजाजत लिँदा लागत २५ लाख मात्र उल्लेख गरिएको छ । यसअर्थ यो अनमोलको करिअरकै सस्तो बजेटको फिल्म हुनेछ । यसमा उनी र उनका पिता भुवन केसीले पारिश्रमिक लिएका छैनन् । यसैले पनि फिल्मको लागत कम हुन गएको हो । 'बाटुलो जून'मा भुवनको निर्देशनसँगै अभिनय पनि रहने जनाइएको छ ।

# वर्षमा ४ वटा फिल्म किन गर्छन् अक्षय ?

काठमाडौं/कुनै बेला अक्षय कुमारलाई बलिउडमा 'हिट मेशिन'को रुपमा चित्रित गरिन्थ्यो । किनकि, उनका एकपछि अर्को फिल्म सफल भइरहेका थिए । तर, अहिले अवस्था ठीक उल्टो छ । उनका फिल्मको असफलताको दर ह्वात्तै बढेको छ । गएको तीन वर्षमा उनका ९ वटा फिल्म फ्लप भए । समीक्षात्मक रूपमा अब्बल ठहरिएका 'मिसन रानिगञ्ज', 'केशरी २' जस्ता फिल्म समेत चलेनन् ।

लगातार फिल्म असफल भइरहे पनि अक्षयको व्यस्तता र माग घटेको छैन । वर्षमा ४/५ वटा फिल्म निरन्तर गरिरहेका छन् । कतिपयले यसैलाई उनका फिल्महरू असफल भइरहनुको कारण मान्ने गरेका छन् । उनलाई वर्षमा बढीमा दुईवटा फिल्ममा काम गर्न प्रशंसकहरुले नै सुझाव दिइरहेका हुन्छन् । तर, अक्षय भने वर्षमा ४/५ वटा फिल्म गर्न आफूलाई एकदमै मन पर्ने बताउँछन् ।

हालै एक अन्तर्वार्तामा उनले भनेका छन्, 'मलाई यो मनपर्छ । मलाई अलग-अलग चरित्र निभाउन मज्जा लाग्छ । धेरैले मलाई ४ वटा फिल्म नगर्न सुझाव दिन्छन् । तर, म यस्तो नगर्नुपर्ने कुनै कारण नै देख्दिनँ । यदि काम मिलिरहेको छ भने म अवश्य गर्छु । फिल्म भनेको कुनै चल्छ, कुनै चल्दैन । म वर्षेनि ४/५ वटा फिल्म यसकारण गर्छु कि मलाई भिन्न-भिन्न भूमिका निभाउन मनपर्छ ।'

वर्षमा एउटा फिल्ममा काम गरे पनि त्यो हिट हुने कुनै ग्यारेन्टी नहुने उनको तर्क छ । यसैले काम गर्न छाड्न नहुने उनी बताउँछन् । 'मलाई अमिताभ बच्चनले जबसम्म सम्भव हुन्छ, काम गर्न छाड्नु हुँदैन भनेर सल्लाह दिनुभएको थियो,' अक्षय अगाडि भन्छन्, 'मैले यही सिकेको छु कि 'क्यालकुलेसन' र 'म्यानिपुलेसन' गलत हो । इमानदारितापूर्वक काम गर्दै आफ्नो लकमा विश्वास गर्नुपर्छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# सरकारी निकायको आर्थिक....

यदि खर्च गर्ने निकाय वा अधिकारीहरूकै चरम लापरबाहीका कारण बेरुजु बढेको हो भने उनीहरूविरुद्ध तत्काल कारबाहीको प्रक्रिया शुरु हुनुपर्छ ।

**सुधारका उपाय र सुझावहरू**

१. बेरुजु फस्र्यौट कार्ययोजना : बेरुजु फर्स्यौट गर्न स्पष्ट कार्यतालिका र जिम्मेवारी तोकिनुपर्छ । 'कुन बेरुजु कहिलेसम्म, कसको जिम्मामा, के विधिबाट फर्स्यौट गर्ने' भन्ने विवरण सार्वजनिक गरिनुपर्छ ।

२. प्रोत्साहन र दण्ड संयन्त्र : लेखा उत्तरदायी अधिकारीलाई समयमै बेरुजु फर्स्यौट गरेबापत प्रोत्साहन र लापरबाही गरे कारबाही गर्ने गरी दुवै उपायको व्यवस्था हुनुपर्छ ।

३. सुधार समन्वय समिति: महालेखाको सुझावलाई कार्यान्वयन गर्न प्रत्येक मन्त्रालय र प्रदेशमा सुधार समन्वय समिति गठन हुनुपर्छ, जसमा महालेखा प्रतिनिधि, लेखा अधिकृत, मन्त्रालय प्रतिनिधि र नागरिक समाजका प्रतिनिधि रहने व्यवस्था गरिनुपर्छ ।

४. सूचना प्रवाह र पारदर्शिता : बेरुजु, अनियमितता र लेखापरीक्षण नतिजासम्बन्धी सबै जानकारी सार्वजनिक पोर्टलमा अद्यावधिक राख्नुपर्छ । नागरिकले अवलोकन गर्न सक्ने प्रणालीले पारदर्शिता बढाउँछ ।

५. स्वतन्त्र छानबिन संयन्त्र: महालेखाभित्रै स्वच्छता कायम राख्न स्वतन्त्र छानबिन संयन्त्र निर्माण गर्नुपर्छ । कमिसनको आशंकामा संलग्नलाई तुरुन्त कारबाही गर्ने अभ्यास बसाल्नुपर्छ ।

बेरुजु मात्र एक लेखा-संज्ञा होइन, यो सुशासन र सार्वजनिक उत्तरदायित्वमाथिको गम्भीर हमला हो । महालेखाको जिम्मेवारी लेखापरीक्षण मात्र होइन, सुधारको दिशामा मार्गनिर्देशन पनि हो । तर त्यसको प्रभावकारिता सरकारी निकायको प्रतिबद्धता र कार्यान्वयन क्षमतासँग गाँसिएको हुन्छ । त्यस्तै सरकारले महालेखापरीक्षकको कार्यालयलाई साधन, स्रोत र स्वतन्त्रता दिने मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको स्वच्छता सुनिश्चित गर्न पनि कदम चाल्नुपर्छ । राज्यको एक-एक रुपियाँको जिम्मेवारी सरकारका हरेक तह र व्यक्तिमा बाँडिएको हुन्छ तर जब त्यो जिम्मेवारी बिर्सिन्छ, तब बेरुजुका शृंखला शुरु हुन्छ ।

सार्वजनिक कोषबाट रकम खर्च गर्दै अख्तियारी प्राप्त गर्ने लेखा उत्तरदायी अधिकृत र जिम्मेवार अधिकारीहरुले संवैधानिक निकायबाट उठाइएका प्रश्नको जवाफ दिन अब ढिलाइ भइसकेको छ । यसलाई अब आम नागरिकले पर्खने अवस्था देखिँदैन । त्यसैले अब उनीहरुले आम नागरिकबाट प्रश्न आउनु र अधैर्यता हुने अवस्था आउनुअघि नै अनुत्तरित सवालहरुमा आत्म अनुशासनको ख्याल गर्दै, जिम्मेवार बनेर नागरिकका चाहना पूरा गर्दै उनीहरुमा आशा र खुशी जगाउन सक्नुपर्छ ।

महालेखाले आफ्नो ६२ औं वार्षिक प्रतिवेदनमार्फत संघ, प्रदेश र स्थानीय सरकार तथा मातहतका सबै कार्यालयसहित अन्य सार्वजनिक संस्थान एवं संगठित संस्थाहरुलाई निकै महत्वपूर्ण र दूरगामी प्रभाव पर्न सक्ने खालका सुझावहरु दिएको छ । महालेखाले दिएका ती सुझावको कार्यान्वयन सरकारी निकायले गरेमा शासकीय प्रबन्धमा प्रभावकारिता आउन सक्ने विश्वास लिइएको छ । यसै गरी संघीयताको प्रभावकारी कार्यान्वयन गरिनुपर्ने विषयलाई पनि महालेखाले उठाएको छ ।

यसै गरी दिगो एवं आत्मनिर्भर अर्थतन्त्र, उद्योग तथा व्यापार प्रवर्द्धन, वित्तीय क्षेत्रमा आमूल सुधार, सार्वजनिक संस्थानको प्रभावकारी व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, राजस्व प्राप्ति र परिचालनको प्रभावकारितालगायतका विषयमा महालेखाले सरकारी निकायलाई दिएको सुझावको आगामी वर्ष सशक्त कार्यान्वयन हुनुपर्छ । यसै गरी महालेखाले दिएको सुझाव अनुसार मुलुकमा आगामी दिनमा वैदेशिक सहायताको उचित प्रयोग र परिचालन हुनुपर्छ भने सार्वजनिक ऋण बढ्ने अवस्था आउन दिनुहुँदैन ।

यस्तै सार्वजनिक खर्चमा मितव्ययिता, अनुदान व्यवस्थापनमा प्रभावकारिता, सार्वजनिक सम्पत्तिको व्यवस्थापनमा पनि सरकारी निकायले विशेष हेक्का गर्नुपर्छ । यस्तै गरी महालेखाले दिएका सुझावको थप विश्लेषण गर्दा हाम्रा सरकारी निकायले आयोजना व्यवस्थापन गर्दा आयोजनाको प्राथमिकीकरण गर्नुपर्ने, राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनको बजेट सुनिश्चितता गर्नुपर्ने, मानव संसाधन व्यवस्थापनअन्तर्गत मागको आधारमा क्षमता विकासका कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्ने, निजामती प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनमा आबद्ध गरी सेवा प्रवाह छिटोछरितो, पारदर्शी बनाउनुपर्ने जस्ता कार्यहरु गर्न अब ढिलाइ गर्नुहुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# कान्तीलोकपथ, धरान-चतरा सडक ईजाजत दिने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ यातायात व्यवस्था विभागले देशभरका थप २१ सडकलाई बाटो अनुमति दिने तयारी थालेको छ । निर्माण सम्पन्न भई सवारी गुडाउन योग्य रहेका २१ सडकमा बिभागले बाटो अनुमति कायम गर्ने भएको हो ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार सार्वजनिक सवारी साधन गुडाउन अनिवार्य बाटो अनुमति लिनुपर्ने व्यवस्था छ । विभागले २०७४ यता निर्माण सम्पन्न भएका सडकमा बाटो अनुमति दिने तयारी गरेको हो । यसअघि सडक निर्माण सम्पन्न भएपछि यातायात व्यवसायी आफैं बाटो अनुमति माग्न आउने गरेका थिए । तर, अहिले निर्माण सम्पन्न भएका सडकमा अनुमति नै नलिई सवारी संचालन गरिरहेको पाइएको र व्यवसायीले बाटो अनुमतिका लागि निवेदन नदिए पनि विभाग आफैंले अनुमति दिने प्रक्रिया अघि बढाएको हो ।

विभागका अनुसार इटहरी-कान्छिचौक-चतरा-गाईघाट-कटारी-भिमान-सिन्धुली-काठमाडौं, धरान-इटहरी-कान्छिचौक-चतरा-गाईघाट-कटारी-भिमान-सिन्धुली-काठमाडौं सडकमा नयाँ बाटो कायम गर्न लागेको हो । यी दुवै रुटको भिमान-सिन्धुली-काठमाडौं खण्डमा यसअघि नै अनुमति दिएको थियो । बर्दिबास-जलेश्वर (बर्दिबास हुँदै औरही नगर पालिका-१ भेङ्हल, टिमकिया, कञ्चनपुर, रामगोपालपुर, बिर्ता, टिकुलिया, सरपल्लो, बहेडा बखरीचौक हुँदै जलेश्वर), हेटौंडा-सिन्धुली माडी (हेटौंडाबजार, हटिया, बकैया, बागमती गाँउपालिका, हरिहरपुरगढी, सुनकोसी मरिन डाइभर्सन आयोजना हुँदै सिन्धुली माडी बजार), पारस बसपार्क-गोलाघाट (पारस बसपार्क, चौबिसकोठी, कल्याणपुर, मंगलपुर, रामपुर, चनौली बजार, पर्साढाप, मेघौली हुँदै गोलाघट) सडकलाई बाटो कायम गर्न लागिएको हो ।

चितवनको हाकिमचोक-मागी (हाकिमचोक, टाइगरचोक, पकौडी, पटिहानी, कसाराचोक, जगतपुर हुँदै माडी नगरपालिका-३ वसन्तपुरसम्म), ठोरी-वीरगंज (ठोरीबजार, बाघमोर्चा, गमरियाचोक, बहुअरीचोक हुँदै वीरगंज बसपार्क सम्म), कान्तिलोकपथ (काठमाडौं-सातदोबाटो-चापागाँउ-टीकाभैरव-भट्टेडाँडा-हेटौंडा), काठमाडौं-मुग्लिङ-नारायणघाट-बर्दिबास, बर्दिवास-रोजा-मडई-जलेश्वर, बर्दिवास-जनकपुर, जनकपुर-लोहारपट्टी, जनकपुर-परसाही, जनकपुर-तिनकोरिया-सरावे-माची-खजुरी सडकलाई अनुमति दिन लागिएको हो ।



जनकपुर-जलेश्वर, जलेश्वर-भिठ्ठामोड, जलेश्वर-बखरी-एकडरा-मनरा, काठमाडौं-हेटौंडा, हेटौंडा-सिन्धुली, सिन्धुली-भिमान-गाईघाट-चतरा-इटहरी, भैरहवा-परासी-भुमही, तौलिहवा-बहादुरगञ्ज, सन्धिखर्क-बलकोट-छत्रगञ्ज-तम्घास र रिडी-वामिटक्सार-बुर्तिवाङ सडकलाई अनुमति दिइने तयारी गरिएको हो । यातायात व्यवस्था विभागको निर्देशक श्रीकान्त यादवले निर्माण सम्पन्न भएका २१ सडकमा बाटो अनुमति दिने तयारी गरिएको बताए । पछिल्लो ८ वर्षयता निर्माण सम्पन्न भएका नयाँ सडकमा बाटो अनुमति कायम गर्न लागिएको उनले बताए ।

राज्यले पाउने राजस्व गुमिरहेको छ । बाटो अनुमति दिन देशका पूर्वीक्षेत्रका सडकको स्थलगत अनुगमन गरिसकिएको उनले बताए । अब चाँडै पश्चिमक्षेत्रका सडकको स्थलगत अनुगमन गर्ने तयारी भइरहेको उनले जानकारी दिए । अबको डेढ/दुई महिनाभित्रै नयाँ सडकलाई अनुमति दिइने उनको भनाइ छ । नयाँ निर्माण भएका सडकमा विभागले बाटो अनुमति नदिई सार्वजनिक सवारी साधन चलाउँन पाइँदैन । विभागले हालसम्म देशभरका २८० सडकमा बाटो अनुमति दिएको छ ।

# फास्टट्र्याकको सुरुविन्दु डुकुछाप सार्न प्रधानमन्त्रीसमक्ष प्रतिवेदन

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आदिवासी जनजाति आयोगले काठमाडौं-तराई/मधेश द्रूतमार्ग सडक आयोजनाको सुरुविन्दुलाई ललितपुरको गोदावरी नगरपालिका-८ स्थित डुकुछापमा कायम गराउन सुझावसहितको अध्ययन प्रतिवेदन बुधबार हस्तान्तरण गरेको छ ।



प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, सिंहदरबारमा आयोगका अध्यक्ष रामबहादुर थापामगरले प्रतिवेदन प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गरेका हुन् । प्रतिवेदनमा आयोजनाको हालको प्रवेशविन्दु ललितपुर महानगर पालिका-२१ को खोकनाको फुडोलमा कायम हुँदा आदिवासी नेवार समुदायको विस्थापनको जोखिम निम्त्याएको तथा स्थानीयबासीको मानवअधिकारको उलंघन भएको र बागमती नदी सफाइ सुधार आयोजनाको कार्यान्वयनबारे संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयअन्तर्गतको कार्य समूह र विशेष र्‍यापोर्टरबाट व्यक्त चासोका सम्बन्धमा नेपाल सरकारले पठाउनुपर्ने जवाफको कार्यमा सघाउन आयोगले प्रतिवेदन दिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखाले आयोगलाई सुझाव प्रतिवेदन दिन आग्रह गरेको थियो ।

प्रतिवेदनमा खोकनाक्षेत्र नेवार समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदा रहेकोले डुकुछापमा स्थानान्तरण गर्न उपयुक्त हुने उल्लेख गरिएको छ । नेपाल सरकारले यस्ता आयोजाना सञ्चालन गर्दा स्थानीय आदिवासी जनजाति समुदायसँग पूर्वसुसूचित स्वतन्त्र सहमति लिन पनि सुझाव दिइएको छ ।

## कृषकस्तर बाख्रापालन तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/थाहा नगरपालिका-३ स्थित विकासघरमा स्थलगत मागमा आधारित कृषकस्तर बाख्रापालन तालिम सम्पन्न भएको छ । बागमती प्रदेश पशुसेवा तालिम केन्द्र, लगनखेलको आयोजनामा तालिम भएको हो ।

तालिमको समापनमा आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझी प्रमुखअतिथि रहेका थिए । तालिममा केन्द्रकी वरिष्ठ तालिम अधिकृत सजिता ज्ञवाली, तालिमअधिकृत झम्क भण्डारी तथा थाहा नगरपालिका पशुशाखाप्रमुख डा.निकाश ब्लोनको विशेष उपस्थिति रहेको थियो । तीन दिनसम्म चलेको तालिमलाई तालिमअधिकृत भण्डारी, थाहा नगरपालिका पशु शाखाप्रमुख डा. ब्लोन, पशुप्राविधिक रुपेश मिश्रले सहजीकरण गरेका थिए ।

तालिममा थाहानगरक्षेत्रका २३ जना कृषक सहभागी तालिममा कृषकलाई व्यावसायिक बाख्रापालनका सीप, स्याहारसुसार, खोप व्यवस्थापन, आहार, आवास तथा रोग निदानका बारेमा व्यवहारिक ज्ञान दिइएको आयोजकले जनाएको छ । सहभागी कृषकले तालिम उपयोगी भएको प्रतिक्रिया दिएका छन् । तालिम पश्चात् सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

## एचआइभी संक्रमित ५ सय ६२ जनाले सेवा लिए

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालमा सञ्चालित एआरटी सेन्टरबाट हालसम्म ५ सय ६२ जना एचआइभी संक्रमितले सेवा लिएका छन् ।

सन् २०१२ मा स्थापना भएको सेन्टरको बुधबार भएको सरोकारवालासँगको अर्धवार्षिक समीक्षा कार्यक्रममा यो जानकारी दिएको हो । हालसम्म हेटौंडामा ३ सय २३ जना एचआईभी सक्रिय सक्रमित रहेको जानकारी दिइएको छ । कार्यक्रममा अस्पतालमा एआरटी सेन्टरका काउन्सिलरले हेटौंडामा कण्डमको मौज्दात कम हुँदै भएको बताएका छन् ।

सहयोगी संस्थाको सहयोग कम हुँदा ३-४ महिनाको लागि मात्र पुग्ने कण्डम रहेको बताइएको छ । त्यसैगरी अन्य वक्ताले हेटौंडामा सेफ हाउस नहुँदा एचआईभी संक्रमितहरु अपहेलित हुनुपरेको बताएका छन् । पछिल्लो समय संक्रमित बढ्दै जानु तर, सरकारको बजेट संकुचित हुँदै जाँदा विकराल स्थिति देखापर्ने उनीहरुले बताएका छन् ।

जिल्ला समन्वय समितिले सबै पालिकासँग समन्वय गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन् । कार्यक्रममा हेटौंडा १ का वडाअध्यक्ष सविन न्यौपाने, गैरसरकारी संस्था मकवानपुरका अध्यक्ष रमिला सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

# बाख्रा चराउन गएका गोठालालाई बाघले खायो



साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ बारास्थित जंगलमा मंगलबार बाख्रा चराउन गएका एकजना गोठालालाई बाघले खाएको भेटिएको छ ।

मकवानपुर मनहरी गाउँपालिका घरभई हाल बारा जीतपुरसिमरा उपमहानगरपालिका-२१ अमलेखगंज बस्ने बीरबहादुर थिङको बाख्रा चराउन गएका स्थानीय चन्द्रबहादुर भुलनको बाघले खाएर ज्यान गएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी विजयराज पण्डितले बताए ।

बाख्रा चराउने कामदारको रुपमा काम गर्दै आएको ५५ वर्षीय भुलन सोही ठाउँका चकरी जंगलमा ३०/४० वटा बाख्रा लिएर चराउन गएकोमा घरमा फर्किएर नआएको र आफन्तले प्रहरीलाई मंगलवार साँझ खबर गरेका थिए ।

खबरपछि ईला प्रहरी कार्यालय अमलेखगञ्जसहितको टोली र स्थानीयले खोजतलाश गर्दा बुधबार बिहान ७ बजे दक्षिणकाली सामुदायिक वनको खोल्सामा बाघले खाएको जस्तो अवस्थामा भुलनको मृतशरीर फेलापरेको प्रहरीले जनाएको छ ।

जम्मा २७ वटा जीउदो बाख्रा मात्र फेलापरेको बारा प्रहरीले गराएको छ । मृतकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको रघटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बानियाँको नवौं गीत 'म्यासेजको घण्टी'

साझाकुरा संवाददाता

हेटौंडा, ४ असार/ साहित्यकार एवम् शिक्षासेवी श्यामकुमार बानियाँको नवौं गीत 'म्यासेजको घण्टी' रेकर्ड भएको छ । पछिल्लो समय बानियाँ गीतलेखन र गायनमा सरिक भएका छन् ।

साहित्य संगम मकवानपुरको पूर्वअध्यक्ष बानियाँले आफ्नो नवौं गीत सार्वजनिक गर्ने तयारी भएको जानकारी दिएका छन् । यसपटक बानियाँले लेखेको गीत 'म्यासेजको घण्टी'मा विष्णु अधिकारीले स्वर दिएका छन् । यसलाई वरिष्ठ संगीतकार लाल श्रेष्ठले संगीत भरेका छन् । मनहरी-३ बिजौना, निवासी बानियाँ ज्ञानोदय बालवाटिका आवासीय मावि हेटौंडा-५ पिप्लेका सञ्चालक पनि हुन् ।



बानियाँको यसअघि 'ए जिन्दगी' सार्वजनिक भएको थियो । मानवीय जीवनका आयामहरुलाई गीतको माध्यमबाट पोख्न खप्पिस बानियाँका सिर्जनाले नेपाली साहित्यको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । गतवर्ष ओसन म्युजिक प्रालिले बजारमा ल्याएको ए जिन्दगीमा शब्द श्यामकुमार बानियाँ स्वर नवराज पाराजुलीको रहेको थियो । संगीत तथा निर्देशन ओमप्रकाश राईले गरेका थिए । अन्जन तामाङ र सन्जु तामाङको अभिनय रहेको गीतमा एरेन्ज र मिक्सिङ रोशन बालुवा र गोविन्द सोनीले गरेका थिए ।

नेपाली साहित्यमा कविता, कथा, समालोचना, गीतलगायत बिधामा सक्रिय रहेका बानियाँको 'प्रतीक्षा' (खण्डकाव्य-२०५६), 'अतृप्त खण्डहर' (संयुक्त कवितासंग्रह-२०६३), 'अतीतको आँगनीमा' (खण्डकाव्य-२०६३) लगायत पुस्तक प्रकाशित छन् । उनले 'बारुद' (साहित्यिक त्रैमासिक), 'पलाँस' (साहित्यिक, त्रैमासिक), 'अक्षय अक्षर' (साहित्यिक, त्रैमासिक), 'सौरभ' (समसामयिक साहित्यिक सँगालो), 'हेटौंडा टुडे' दैनिक, 'बलिदान' साप्ताहिक, 'भूमध्यरेखा' साप्ताहिक आदि पत्रपत्रिका सम्पादन पनि गरेका थिए ।

साहित्य संगम, सिस्नुपानी नेपाल मकवानपुर, मृगतृष्णा साहित्य डबली मकवानपुर, जनमत साहित्यिक पत्रिका काभ्रे आदि संस्थामा आबद्ध रहेका बानियाँ उत्कृष्ट पत्रलेखन सम्मान, रेडियो नेपाल (२०५३), रेडियो नेपाल रश्मि नवप्रतिभा प्रोत्साहन सम्मान (२०५७) रौतहट, गजलश्री सम्मान (२०६३) गजल मञ्च मकवानपुर, नारायणी वाङ्ममय पुरस्कार (२०६३) नारायणी वाङ्ममय प्रतिष्ठान, भेषनाथ अधिकारी स्मृति सम्मान, साहित्य संगम मकवानपुर आदिबाट पुरस्कृत तथा सम्मानित भइसकेका छन् । बानियाँले आउँदो शुक्रबार गीत सार्वजनिक गरिने जानकारी दिएका छन् ।

## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

**डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरु पनि देखा पर्न सक्छ ।**

**अन्य लक्षणहरु:**

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



**बच्ने उपायहरु:**

- डेगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्धि रोक्नु पर्दछ,
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु ,गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने ,
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने,
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने,
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने,
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदाँ दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने ,
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने,
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने ,
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने ,

हेटौंडा उपमहानगरपालिका
**११ नं. वडा कार्यालय**
नवलपुर, मकवानपुर

## द सहारा लोन सेविंग्स को-आपरेटिभ सोसाईटी लि. सेवा केन्द्र
### हेटौंडा, मकवानपुर

### ऋणीहरुको नामको ३५ (पैतीस) दिने म्याद पूर्जी

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थावाट निम्न उद्देश्यको लागि लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋण र समय समयमा बुझउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने म्याद पुर्जी जारि गरिएको छ । उक्त म्याद पुर्जी पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझउने दिन सम्मको ब्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम विक्री गरी ऋण रकम, ब्याज हर्जाना र लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.न. | ऋणी संख्या | ऋणीको नाम थर | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | ऋणको उद्देश्य | २०८२/०३/०४ गतेसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बाँकी साँवा | ब्याज हर्जाना |
| १ | ०१२४१०००१७४ | ध्रुव बहादुर थापा क्षेत्री | पदम बहादुर थापा क्षेत्री | भुवन बहादुर थापा क्षेत्री | जि.मकवानपुर बज्रबाराही-२, हाल जि. मकवानपुर, हेटौंडा न.पा. वाड नं. ८ | व्यक्तिगत | ५००,०००.०० | २२९,८७६.३५ |
| २ | ०१२४१०००१८७ | अनिता विष्ट | दिनेश विष्ट | निर बहादुर विष्ट | जि.मकवानपुर पालुङ-८, हाल थाहा नगरपलिका न.पा. वाड नं. २ | व्यक्तिगत | ७३०,०००.०० | २९६,३८२.१३ |
| ३ | ०१२४१०००१९३ | सोम बहादुर भोम्जन | डिल बहादुर भोम्जन | औतर सिं | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौंडा उ.म.न.पा. वाड नं.१५ | व्यक्तिगत | ८९९,०००.०० | २७६,१५४.७५ |
| ४ | ०१२४१०००२०१ | आईत माया बल | बल बहादुर बल | सानो बहादुर | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौडा उ.म.न.पा. वाड नं.१५ | व्यक्तिगत | ६६६,८१२.०० | १३९,६३७.२३ |

**नोट :** १) साँवा तिर्न नसक्ने ऋणीहरुले व्याज तथा हर्जाना बुझाई ऋण नविकरण गराउनु हुन जानकारी गराईन्छ ।
२) ऋणको धितो वापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नु होला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ ।
३) राखेको धितोबाट संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा अन्य जायजेथा बाट समेत रकम असुल उपर गरिने छ ।

**द सहारा लोन सेविङ्स को-आपरेटिभ सोसाईटी लिमिटेड**
**सेवा केन्द्र, हेटौंडा, मकवानपुर**
**फोन नं. ०५७-५२६७५५**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना